जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :- 6624

मिति : २०८१।०२।०८

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१।०२।०९)

यस जनकपुरधाम उप-महानगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम फोहर प्रशोधन केन्द्रको निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य परामर्श सेवा मार्फत सम्पादन गर्नुपर्ने भएकोले यस उप-महानगरपालिकाको कार्यालयमा सूचीकृत फर्म वा कम्पनीहरुले तपसिल बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्रमा कार्यालय समय भित्र यस उप-महानगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

क. प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र उप-महानगरपालिकाको कार्यालय जनकपुरधाममा दर्ता गर्नु पर्नेछ।

ख. प्रस्ताव पेश गर्न इच्छुक फर्म वा कम्पनीहरु यस उप-महानगरपालिकाको कार्यालयमा सूचीकृत हुनुपर्नेछ।

ग. सूचीकृत भएको प्रमाणपत्र सहित माथि उल्लेखित कार्य गर्नको लागि आवश्यक लागत अनुमान सहितको छुट्टाछुट्टै सिलबन्दी प्रस्ताव (आर्थिक र प्राविधिक प्रस्ताव) पेश गर्नुपर्नेछ।

घ. प्रस्तावसँगै व्यवसाय दर्ता प्रमाणपत्र/नवीकरण, कर चुक्ता प्रमाणपत्र, कालो सूचीमा नपरेको स्वघोषणा लगायत कार्य सम्पादन गर्न सक्ने सहितका प्रस्तावदातासँग सम्बन्धित कागजातहरु पेश गर्नुपर्नेछ।

ङ. फर्म वा कम्पनीको विवरण, संगठन र कर्मचारीको विवरण तथा विगतमा सम्पन्न गरेका समान प्रकृतिका काम र विवरण पेश गर्नुपर्नेछ।

च. प्रस्ताव पेश गर्न रु १०००|- (अक्षरेपी रु एक हजार मात्र) को यस पालिकामा राजस्व तिरेको रसिद वा यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक जनकपुरधाम भानु चौक शाखाको आन्तरिक राजस्व खाता नं: १२२०१००३०१०१०१०००७ मा रकम जम्मा गरेको सकल भौचर पेश गर्नु पर्ने छ।

माथि उल्लेखित कार्यका लागि कार्य शर्तगत विवरण (ToR) मा यस कार्यालयको वेबसाइट janakpurmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि यस कार्यालयको वातावरण तथा फोहर व्यवस्थापन शाखामा सम्पर्क गर्न सकिनेछ ।

२०८१।२।८

(टेकराज पन्थी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत